# स्थानीय राजपत्र

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५) लमजुङ, पुस २९ गते, २०७८ साल (अतिरिक्ताङ्क ६


## भाग १

## सुन्दरबजार नगरपालिकाको नगर शिक्षा ऐन,२०७५ लाई संशोधन गर्न बनेको ऐन २०७८

**प्रस्तावना:** सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, सुन्दरबजार नगरपालिकाको नवौं नगरसभाले यो ऐन बनाएको छ ।

**सम्वत् २०७८ सालको ऐन न ६**

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "सुन्दरबजार नगरपालिको शिक्षा ऐन, २०७५ (पहिलो संशोधन)" २०७८ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>मूल ऐनको परिच्छेद १ को दफा २ मा संशोधन</u>** :- मूल ऐनको परिच्छेद १ को दफा २ मा देहाय बमोजिमको दफा (२) (फ) थपिएको छः-

"(१) दफा (२)(फ) मा अभिभावक भन्नाले विद्यार्थीको लालन पालन गर्ने निजको बुबा आमा वा संरक्षक भन्ने बुझ्नु पर्दछ । तर विद्यालय व्यवस्थापन समिति गठनको सिलासिलामा बुवा, आमा, वा घर तर्फको (मावली तर्फको होइन ।) बाजे वा बज्यै मात्र सम्झनु पर्नेछ ।"

३. **<u>सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन,२०७५ को दफा ३ मा संशोधन</u>** :- सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन,२०७५ (यस पछि मूल ऐन भनिएको ) को दफा ३ को सट्टा देहायको खण्ड राखिएको छ :-

विद्यालय शिक्षाको प्रकार

"१. आधारभूत शिक्षा (क) साधारण शिक्षा
(ख) परम्परागत धार्मिक शिक्षा
२. माध्यमिक शिक्षा (क) साधारण शिक्षा
(ख) परम्परागत धार्मिक शिक्षा
(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा"

४. **<u>मूल ऐनको दफा १० मा संशोधन :-</u>** मूल ऐनको दफा १० को उपदफा (४) को सट्टा देहाय बमोजिमको उपदफा (४) राखिएको छ :-

"(१) उपदफा (४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा व्यक्ति विशेष, धार्मिक, जातिगत विद्वेष झल्किने नाम राख्न पाइनेछैन। माध्यमिक तहका हकमा १ करोड, आधारभूत तहको हकमा ५० लाख रुपैया प्रदान गरेमा विद्यालयको

मौलिक पौराणिक नाममा असर नपर्ने गरी व्यक्तिको नाम साविक नाममा पछाडि थप गर्न बाधा पुगेको मानिनेछैन ।"

५. **<u>मूल ऐनको दफा ११ मा संशोधन</u> :-** मूल ऐनको दफा ११को उपदफा(१) **को खण्ड** (क), (ख), (ग) , (घ), (ङ), (च), (छ), (ज), (झ),(ञ) को सट्टा देहायको खण्ड (क), (ख), (ग), (घ) ,(ङ), (च), (छ), (ज), (झ), (ञ) र (ट) राखिएको छ

"(क) नगरपालिकाको प्रमुख - अध्यक्ष

ख) नगरपालिकाको उपप्रमुख - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) कार्यपालिकाकले तोकेका नगर सभाका सदस्यहरु मध्ये एकजना महिला सहित २ जना - सदस्य

च) विव्यस अध्यक्षहरु मध्ये सामुदायिक र संस्थागत विद्यालयको समेत प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले मनोनित गरेको २ जना - सदस्य

छ) समाजसेवी, शिक्षाप्रेमीहरु मध्ये नगरशिक्षा समितिले मनोनित गरेको कम्तिमा २ जना महिला, दलित/जनजाति/अल्पसंख्यक सहित ४ जना - सदस्य

ज) नगर शिक्षक महासंघको अध्यक्ष र सचिव २जना - सदस्य

झ) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुमध्येबाट कम्तीमा १ जना महिला पर्ने गरी नगर शिक्षा समितिले मनोनित गरेको २ जना - सदस्य"

ञ) शिक्षा शाखाको अधिकृत स्तरको कर्मचारी १जना – सदस्य

ट) शिक्षा शाखा प्रमुख –सदस्य सचिव

६. <u>**मूल ऐनको दफा १४ मा संशोधन :-**</u> मूल ऐनको दफा १४ को उपदफा (१) को खण्ड (क), (ग) को सट्टा देहायको खण्ड (क), (ग), र (छ) राखिएको छ

"(क) अध्यक्ष : खण्ड ख, ग र घ मध्ये विद्यालय व्यवस्थापन समितिले छनौट गरेको व्यक्ति १ जना

(ग) सदस्य : वडा अध्यक्ष वा सदस्यहरुमध्ये वडा समितिले मनोनयन गरेको १ जना

(छ) वाल क्लबको प्रतिनिधिलाई विव्यसको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।"

७. <u>**मूल ऐनको दफा १४ मा संशोधन :-**</u> मूल ऐनको दफा १४ मा देहायका खण्ड थप गरिएको छः-

"क) विद्यालयको समाजिक परीक्षण गराई सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने

ख) तोकिए बमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने

ग) विद्यार्थी शिक्षक कर्मचारी तथा अभिभावकलाई विद्यालयको शैक्षिक विकासमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने

घ) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता कार्यान्वयन एंव प्रयोतको प्रभावकारीता जाँचवुझ गर्ने

ङ) प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यान्वयन गर्न कार्यक्रम सञ्चालन गर्ने, गराउने"

८. **<u>मूल ऐनको दफा १४ मा संशोधन</u>** : मूल ऐनको उपदफा (२) पछि देहायको उपदफा ३,उपदफा ४ तथा उपदफा ५ थप गरिएको छ :-

"(३) मा कुनै विव्यसले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सो को कारण खुलाई कार्यपालिकाले त्यस्तो विव्यस विघटन गर्न सक्नेछ ।

तर विघटन गर्नु अघि सफाई पेश गर्न मनासिव मौका दिइने छ ।

(४) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भए पछि कार्यपालिकाले अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्नेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

९. **<u>मूल ऐनको परिच्छेद ३ को दफा १९ मा संशोधन</u> :-** मूल ऐनको दफा १९ उपदफा (१) को (छ) को सट्टा देहायको उपदफा (१)(छ) राखिएको छ:-

" उपदफा (१)(छ) निजले अध्यापन गरेको विषयमा ३ शैक्षिक सत्रसम्म लगातार भौगोलिक इकाईको औषतको ५० प्रतिशत भन्दा कम उत्तीर्ण भएमा कार्यक्षमताको अभाव

मानिनेछ । सो भएमा पाँच वर्षसम्म तलब वृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्न सकिनेछ ।"

१० **<u>मूल ऐनको परिच्छेद ३ मा संशोधन :-</u>** मूल ऐनको परिच्छेद ३ उपदफा (१) मा थप देहायको उपदफा १(ज) खण्ड थपिएको छ :-

"(ज) नगरपालिकाले नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने राष्ट्रसेवक कर्मचारी, शिक्षक, जनप्रतिनिधिहरुका छोराछोरी र संरक्षणमा रहने बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा अध्यापन गराउन उत्प्रेरित गर्नेछ र सोको लागि आवश्यकता अनुसार प्रोत्साहनको व्यवस्था गर्न सक्नेछ ।

(झ) नगरपालिकाले नगरपालिका क्षेत्र भित्रका शिक्षक कर्मचारीको तलब भत्ता विशेष परिस्थिति बाहेक मासिक रुपमा निकासा गर्ने व्यवस्था मिलाउनेछ ।

(ञ) करार सम्झौता : प्र.अ. ले शिक्षा शाखा प्रमुखसँग र शिक्षकहरुले प्र.अ. सँग कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ ।"

११. **<u>मूल ऐनको परिच्छेद ४ को दफा २३ मा संशोधन :-</u>** मूल ऐनको परिच्छेद ४ को दफा १ को उपदफा (१)(ख), उपदफा (१)(ग) र उपदफा (१)(घ) को सट्टा उपदफा (१)(ख), उपदफा (१)(ग) र उपदफा (१)(घ) राखिएको छः-

"१(ख) विषयगत रोष्टरमध्येबाट शिक्षा शाखा प्रमुखले तोकेको विषयविज्ञ २ जना - सदस्य

१(ग) शिक्षा शाखा प्रमुख - सदस्य

१(घ) विद्यालय प्र.अ. - सदस्य सचिव

(४) उपदफा (२) पछि देहायको उपदफा ३ थपिएको छ :-

(३) पद रिक्तताको सुनिश्चित भएको अवस्थामा विद्यालयमा शिक्षक अभाव हुन नदिनको लागि पद रिक्त हुने मितिबाट लागु हुने गरी अग्रिम शिक्षक विज्ञापन गर्ने व्यवस्था मिलाइनेछ ।"

१२. <u>मूल ऐनको दफा २४ थपिएको :-</u> मूल ऐन २०७५ मा दफा २४ छुटेको हुँदा मूल ऐनको दफा २४ मा देहायको उपदफा (१),उपदफा (२) र उपदफा (३) थपिएको छः-

**“२४. शिक्षक महासंघ सम्बन्धी व्यवस्था**

(१) नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई सामुहिक सौदाबाजीको हक हुनेछ ।

(२) उपदफा (१) बमोजिमको हक प्रचलनका लागि नगर पालिकामा एक शिक्षक महासंघ रहनेछ ।“

१३. <u>मूल ऐनको दफा २५ मा उपदफा ३ संशोधन :-</u> मूल ऐनको दफा उपदफा (३) को ३(क),३(ख), र ३(घ) को सट्टा देहायका ३(क), ३(ख), र ३(घ) खण्ड राखिएको छ :-

"(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त स्थायी माध्यमिक शिक्षक वा माध्यमिक तहमा १० वर्ष स्थायी सेवा गरेको आवश्यक तालिम सहित स्नातक उपाधि प्राप्त शिक्षक हुनुपर्नेछ ।यस सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ख) कक्षा १ देखि ८ सञ्चालित आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त स्थायी निम्न माध्यमिक शिक्षक वा निम्न माध्यमिक तहमा १० वर्ष

स्थायी सेवा गरेको आवश्यक तालिम सहित प्रवीणता प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त शिक्षक हुनुपर्नेछ। यस सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ । तर कक्षा १ देखि ३ वा कक्षा १ देखि ५ सञ्चालित आधारभूत स्थायी प्राथमिक शिक्षक हुनुपर्नेछ । यस सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(घ) प्रधानाध्यापक नियुक्ति प्रक्रिया तथा सेवा शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

१४. <u>मूल ऐनको दफा २६ को उपदफा २ संशोधन :-</u> मूल ऐनको दफा २६ को उपदफा (२) को सट्टा दफा २६ उपदफा (२) राखिएको छ :-

"(१) उपदफा (२) मा सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिककाभित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा शिक्षा शाखाले तोकिए बमोजिमको प्रकृया अपनाई सरुवा गर्न सक्नेछ । तर विशेष परिस्थितिमा नगर शिक्षा समितिको निर्णय बमोजिम सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई निजको निवेदन तथा विद्यालयको सहमति बिना सरुवा गर्न सकिनेछ ।"

स्पष्टीकरण : यस उपदफाको प्रयोजनका लागि विशेष परिस्थिति भन्नाले विद्यार्थी संख्या अति न्यून वा शुन्य भई शिक्षकलाई साविकको विद्यालयमा राखिराख्न उचित नदेखिनु, शिक्षकलाई कुनै नैतिक पतन देखिने आरोप लागि निज शिक्षक उक्त स्थानमा बसिरहन असुरक्षित देखिनु, शिक्षकलाई भ्रष्टाचारजन्य आरोप लाग्नु आदि बुझिनेछ । यस्तो अवस्था

रहे वा नरहेको निर्णय गर्ने अधिकार नगर शिक्षा समिति निहित रहनेछ ।

१५. <u>**मूल ऐनको दफा २८ मा संशोधन :-**</u> मूल ऐनको दफा २८ मा देहाय बमोजिम थपिएको छ :-

"शिक्षक तथा कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा सम्मान, पुरस्कार, अभिनन्दन, ग्रेड वृद्धि जस्ता प्रोत्साहनका कार्यक्रम वार्षिक रुपमा सञ्चालन गरिनेछ ।"

१६. <u>**मूल ऐनको दफा २९ मा संशोधन :-**</u> मूल ऐनको दफा २९ मा देहाय बमोजिम थपिएको छ :-

"नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक एंव कर्मचारीहरुलाई पेशागत क्षमता अभिवृद्धि हुने शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी एवं विषयगत तालिम वार्षिक रुपमा सञ्चालन गरिनेछ ।"

१७. <u>**मूल ऐनको दफा ३३ मा संशोधन :-**</u> मूल ऐनको दफा ३३ मा देहाय बमोजिम थप गरिएको छ :-

"क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने ।

ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने।

ग) नेपाल सरकार प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने।

घ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आयव्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको कार्यक्रम जानकारी गराउने।

ङ) विद्यालयको लेखा परीक्षण प्रचलित कानून बमोजिमका लेखापरीक्षकरुबाट गराउन कम्तीमा ३ जना लेखापरीक्षकको नाम नियुक्तिको लागि नगरपालिकामा सिफारिस गर्ने।

च) तोकिएबमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने।

छ) विद्यार्थीहरुलाई प्रचलित कानून बमोजिम छात्रवृति उपलब्ध गराउने।"

१८. **<u>मूल ऐनको परिच्छेद ६ को दफा ३४ मा संशोधन :-</u>** मूल ऐनको परिच्छेद ६ दफा ३४ को उपदफा ३ पछि देहाय बमोजिम उपदफा (४), उपदफा (५), उपदफा (६) र उपदफा (७) थपिएको छ :-

"(१) उपदफा (४) मा नगरभित्रका विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(क) शिक्षा शाखा प्रमुख - संयोजक

(ख) आधारभूत तथा माध्यमिक तहको प्रधानाध्यापकहरु वा शिक्षकहरु मध्येबाट संयोजकले तोकेका सामुदायिक विद्यालयबाट २ जना र संस्थागत विद्यालयबाट १ जना गरी ३ जना -सदस्य

(ग) विद्यालय निरीक्षक वा विद्यालय निरीक्षक

नभएमा संयोजकले तोकेको शिक्षा शाखामा
काम गर्ने कर्मचारी -सदस्य सचिव

(२) उपदफा (५) मा आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा प्रमाणपत्रको प्रमाणीकरण नगर शिक्षा शाखा प्रमुखबाट हुनेछ ।

(३) उपदफा (६) मा परीक्षालाई मर्यादित तथा व्यवस्थित बनाउन देहायबमोजिम परीक्षा अनुगमन सिमिति रहनेछ :-

क) नगर शिक्षा समितिको अध्यक्ष - संयोजक
ख) नगर उपप्रमुख - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
घ) नगरपालिकाले तोकेको शिक्षा
समिति संयोजक - सदस्य
ङ) नगर शिक्षा महासंघको अध्यक्ष - सदस्य
च) स्थानीय प्रहरी प्रमुख - सदस्य
छ) नगर शिक्षा समितिले तोकेको
एक जना - सदस्य

(४)

(५) उपदफा (७) मा नगरपालिकाभित्र अध्यापनरत शिक्षकहरुको विद्यालयमा अध्यापन हुने मूल विषयको विषयगत समिति तथा सबै विषय समितिको प्रतिनिधित्व हुने गरी नगर स्तरीय विषयगत शिक्षक समन्वय समिति हुनेछ । विषयगत समिति र समन्वय समितिको कार्य प्रक्रिया तथा काम, कर्तव्य र अधिकार नगर स्तरीय विषयगत समन्वय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।"

१९. <u>मूल ऐनको परिच्छेद ८ को दफा ३८ मा संशोधन :-</u> मूल ऐनको परिच्छेद ८ को उपदफा ३८ मा देहाय बमोजिम थपिएको छ :-

"नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रबर्द्धन गर्नको लागि नगर नगरपालिकाले प्रोत्साहन अनुदानको व्यवस्था गर्न सक्नेछ ।

क) नगरपालिकाले नगर क्षेत्र भित्र अनुसन्धान केन्द्र स्थापना गर्न सक्नेछ ।

ख) नगरपालिका भित्र सञ्चालन हुने संस्कृत विद्यालय गुम्वाहरुको संरक्षण गरी सनातन धर्म संरक्षण धन्वन्तरी आयुर्वेदको विकास गुरुकुल आश्रमहरुले जगेर्ना हुने कार्यक्रम सञ्चालन गरिनेछ ।"

**आज्ञाले,**
**दिवाकर पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत ।**

***प्रमाणीकरण मिति : २०७८/०९/२९ गते***



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३